# गाउँसभाको २० औ अधिवेशनको पहिलो बैठकमा गाउँपालिका उपाध्यक्ष श्री गिता बिष्ट द्वारा प्रस्तुत सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

मितिः २०८३ असार १० गते

## सुनापति गाउँपालिका गाउँसभाको २० औं अधिवेशनको बैठकमा गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री गिता विष्टद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ बजेट तथा कार्यक्रम (वार्षिक आय व्यय विवरण) को वक्तव्य

### खण्ड -१
### परिचय र समीक्षा

गाउँसभा श्रद्धेय अध्यक्षज्यू,

गाउँसभा सदस्यज्यूहरु,

१.१ पृष्ठभूमिः

१. नेपालको संविधानको धारा २३० को प्रावधान बमोजिम सुनापति गाउँपालिकाको उपाध्यक्षको हैसियतले सुनापति गाउँपालिका गाउँसभाको २० औं अधिवेशनको यस सम्मानित बैठकमा आर्थिक वर्ष २०८३/०८४ को आय व्ययको अनुमानित विवरण तथा बजेट प्रस्तुत गर्न पाउँदा धेरै गर्वको अनुभूति गरेको छु।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नको लागि विभिन्न कालखण्डमा भएका विभिन्न जन-आन्दोलन, जनयुद्ध लगायतका आन्दोलनहरूमा आफ्नो प्राणको आहुति गर्ने महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। प्रजातन्त्र हुँदै लोकतन्त्र र गणतन्त्र स्थापनाको लागि ती आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने नेताहरु र आ-आफ्नो स्थानमा रहेर योगदान गर्नुहुने सबै दाजुभाई तथा दिदीबहिनी र आमाबुवाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न राष्ट्रिय रुपमा "समृद्ध नेपाल: सुखी नेपाली" को

गिता विष्ट
उपाध्यक्ष

राष्ट्रिय आकाङ्क्षा निर्धारण भएसँगै सुनापति गाउँपालिकाको विकास र समृद्धिको लागि "समृद्ध, उद्यमी, सुखी सुनापति: कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ति" भन्ने दिर्घकालीन लक्ष्यको निर्धारण गरी सामाजिक न्याय र लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद स्थापनाको दिशामा गाउँपालिका निर्देशित भएको छ।

४. गाउँपालिकाको सुशासन, विकास र समृद्धिको सोच सहित तयार गरिएको सुनापति गाउँपालिकाको दोस्रो आवधिक पञ्च वर्षिय योजना र नेपालको १६ औं आवधिक योजनाको आधारमा सामाजिक न्याय स्थापनाको साथै सुनापति गाउँबासीले प्रत्यक्ष अनुभूति हुने गरी तयार पारिएको योजनाको उद्धेश्य प्राप्त गर्न सघाउ पुग्ने गरी आर्थिक वर्ष २०८३/०८४ को आय, व्ययको विवरण तथा बजेट तर्जुमा गरेको व्यहोरा यो सम्मानित गाउँसभाको बैठकमा जानकारी गराउँछु। सुनापति गाउँपालिकाले लिएको नीति अनुररूप उच्च राजनीतिक नेतृत्व, बुद्धिजीवी, समाजसेवी र अन्य सरोकारवालाहरूबाट प्राप्त अमूल्य राय तथा सुझावहरुलाई पनि समेटी यो बजेट तर्जुमा गरेको छु।

५. यो बजेटलाई उत्पादन, रोजगारी सृजना, आय वृद्धि र सुनापतिको दिगो विकासमा टेवा पुग्ने गरी सुनापति गाउँवासी सबै नागरिकमा विकास र समृद्धिको आसा पूरा गर्न आत्मविश्वास जगाउने दस्तावेजको रुपमा लिएकोछु।

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गिता विष्ट
उपाध्यक्ष

तुलोकान्छा तामाङ
अध्यक्ष
सुनापति गाउँपालिका

सभाध्यक्ष महोदय,

गाउँसभा सदस्यज्यूहरु,

६. अब म चालू आर्थिक वर्ष २०८२/०८३ को आर्थिक गतिविधि र बजेट तथा कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्थाको समीक्षा प्रस्तुत गर्दछु।

७. आर्थिक वर्ष २०८२/०८३ मा सुनापति गाउँपालिकाको कुल बजेट ६१ करोड ७९ लाख ३२ हजार भएकोमा हालसम्म चालू र पूँजीगत गरी जम्मा ४८ करोड ६० लाख ४९ हजार वास्तविक आम्दानी भएकोमा रु ३३ करोड १५ हजार अर्थात ६७.८९ प्रतिशत खर्च भएको छ ।

८. चालू आ.व.को लागि गाउँपालिकाको सुशासन तथा संस्थागत विकासमा कुल बजेटको रु. ८१ लाख ३५ हजार विनियोजन गरिएको थियो। यस क्षेत्रमा तुलनात्मक रुपमा न्यून बजेटको विनियोजन गर्दा पालिकाको संस्थागत सक्षमतामा सोचे जति प्रगति हुन नसकेको कुरा तथ्यपरक रहेको छ। यस क्षेत्रमा पर्ने वातावरणीय अनुकूलता, शान्ति र सुव्यवस्था, कानून तथा न्याय, तथ्यांक प्रणालीको विकास र अद्यावधिकरण, वस्तुनिष्ट योजना तर्जुमा र कार्यान्वयन साथै अनुगमन तथा मूल्यांकनसँगै अनुसन्धान जस्ता उपक्षेत्रहरुमा कार्यक्रम तयार गरी बजेटको विनियोजन हुन सक्दा मात्र आम नागरिकले सुशासनको महसुस गर्नेछन् भन्ने कुरामा विश्वस्त छु। न्यून बजेट विनियोजन भए पनि यस क्षेत्रमा शून्य बजेटमा सुशासन र संस्थागत विकास सम्वन्धी कार्यक्रमहरू निरन्तर कार्यान्वयन गरिएका छन्।

९. आर्थिक वर्ष २०८२/०८३ को कुल बजेटको २० करोड ६४ लाख ३ हजार विनियोजन भएको थियो ।जस अनुसार कुल बजेटको करिव ३२ प्रतिशत पूर्वाधार क्षेत्रमा बजेट विनियोजन भए पनि उत्पादनशील क्षेत्रमा

कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गिता विष्ट
उपाध्यक्ष

अध्यक्ष
सुनापति गाउँपालिका

CamScanner

लगानी वृद्धि गर्न सकिएको छैन र दिगो विकासमा आधारित भइ विकास पूर्वाधारको निर्माणमा यथेष्ट ध्यान नगएको देखिन्छ। फलस्वरूप पालिकामा वर्षायाम पछि सडक सरसफाई र सडक पुर्नानिर्माणमा अत्यधिक खर्च हुनुको साथै जनसहभागिता अभिवृद्धि गराई विकासको अपनत्व लिन सक्ने गरी दिगो विकासको लक्ष्यहरुलाई आन्तरिकीकरण गरी पूर्वाधार विकासमा बजेट विनियोजन हुन आवश्यक छ।

१०. सुनापति गाउँपालिकाको भौगोलिक बनावट कमजोर हुनुको साथै वर्षेनी वर्षाको कारण बाढी पहिरोबाट भएको विपद् तथा प्रकोपले जमिनलाई अझ कमजोर बनाइरहेको छ।.जस्को कारण वडा नं ३ स्थित साउने केउरेनीमा ७७ घरधुरी पहिरोको उच्च जोखिममा रहनुको साथै सो बस्ति नै सुरक्षित स्थानमा स्थानान्तरण गर्नु पर्ने भएको छ । गाउँपालिकाले राहत तथा अस्थायी आवास निर्माणमा सहयोग स्वरूप ६५ घर परिवारलाई रू १५ हजारको दरले रकम प्रदान गरेको छ ।

११. सुनापतिको विकास पूर्वाधारको रूपमा सडक पूर्वाधार साथै स्वास्थ्य सेवा र पूर्वाधारलाई मुख्य आधार बनाई आर्थिक वर्ष २०८२/०८३ मा संघ तथा प्रदेशबाट समेत ति उपक्षेत्रमा बजेट विनियोजन भएको छ। बजेट विनियोजनसँगै उपर्युक्त क्षेत्रमा विनियोजन भएको बजेटसँग साझेदारीमा सतप्रतिशत योजना कार्यान्वयन भइ पूर्वाधार विकासमा टेवा पुगेको छ ।

गाउँसभा श्रद्धेय अध्यक्षज्यू,
गाउँसभा सदस्यज्यूहरु,
अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको सोच सहित विनियोजन र अपेक्षित उपलब्धि प्रस्तुत गर्दछु।

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गीता बिष्ट
उपाध्यक्ष

दुलोकान्छा तामाङ
अध्यक्ष
सुनापति गाउँपालिका

CamScanner

खण्ड-२

## आगामी आ.व.२०८३/०८४ को बजेट तथा कार्यक्रम

**सोचः**

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको मुख्य सोचः " समृद्ध, उद्यमी र सुखी सुनापति; कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ति " भन्ने मूल नारा पूरा गर्नुरहेको छ।

**लक्ष्यः**

सुनापति गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको मुख्य मुख्य लक्ष्यहरु तपसिल बमोजिम उल्लेख गरेको छु।

- ✓ सुनापतिको विकास र समृद्धिको लागि कृपिको आधुनिकीकरण र विविधीकरण गर्दै आर्थिक एवं सामाजिक स्तरमा वृद्धि गर्ने।
- ✓ पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन तथा प्रचार प्रसार गर्दै आन्तरिक आय तथा रोजगारीमा वृद्धि गर्ने।
- ✓ गुणस्तरीय शिक्षाको विकास गर्दै स्वावलम्वी रआत्मनिर्भर नागरिक तयार गरी सभ्य, सुसंस्कृत र सुशासनयुक्त समाजको निर्माण गर्ने।

यस बजेट तथा कार्यक्रमका उद्धेश्यहरु तपसिल अनुसार तय गरेको छु।

**उद्धेश्यहरुः**

- ✓ कृपिको आधुनिकीकरण, व्यावसायीकरणर बजारीकरण गर्नु।
- ✓ पहिचान भएका पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्दै नयाँ क्षेत्रको पहिचान र विकास गर्नु।
- ✓ व्यावहारिक, प्रविधिमैत्री, प्रतिस्पर्धी र गुणस्तरीय शिक्षामा जोड दिनु।
- ✓ दिगो र वातावरणमैत्री पूर्वाधार विकास गर्नु।

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गिता विष्ट
उपाध्यक्ष

दुर्गाकान्ता तामाङ
अध्यक्ष
सुनापति गाउँपालिका

- ✓ गाउँपालिकाको विद्यमान स्रोत साधनको प्रयोग गरी आन्तरिक आयको दिगो स्रोतको सुनिश्चितता गर्नु।
- ✓ विद्यमान गरिबी र बेरोजगार न्यूनीकरण गरी दिगो विकासको लक्ष्य हासिलमा योगदान गर्नु।
- ✓ सुनापति गाउँपालिका नागरिकहरूलाई गुणस्तरीय र पहुँचयोग्य सेवा विस्तार गर्नु ।
- ✓ बालमैत्री पूर्वाधार निर्माण गर्नु ।

**गाउँसभा श्रद्धेय अध्यक्ष ज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमका प्राथमिकताहरु तपसिल अनुसार निर्धारण गरेको छु।

**बजेटका प्राथमिकताहरुः**

- ✓ उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि,
- ✓ दिगो र गुणस्तरीय पूर्वाधार विकासमा लगानी विस्तार,
- ✓ गुणस्तरीय शिक्षा र सर्वसुलभ स्वास्थ्य सेवा,
- ✓ सामाजिक न्याय सहितको सन्तुलित विकास,
- ✓ नागरिक केन्द्रित सार्वजनिक सेवाप्रवाह।

सुनापति गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को यो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायको नीति, कानून तथा ऐन नियमहरुलाई आधार मानी बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

गिता विष्ट
उपाध्यक्ष

बजेट तर्जुमाका आधारहरु:

- ✓ नेपालको संविधान,
- ✓ नेपालको १६ औं आवधिक योजना,
- ✓ दिगो विकास लक्ष्य (२०१६-२०३०),
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- ✓ सुनापति गाउँपालिकाको दोस्रो आवधिक योजना २०८१/०८२-२०८५/०८६,
- ✓ सुनापति गाउँपालिकाको मध्यमकालीन खर्च संरचना २०८३/०८४-२०८५/०८६,
- ✓ नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम,
- ✓ बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम,
- ✓ बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना,
- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- ✓ संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ लगायतका अन्य सम्बद्ध नीतिगत तथा कानुनी व्यवस्थाहरु।

**गाउँसभा श्रद्धेय अध्यक्ष ज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

अब म बजेट तथा कार्यक्रमको क्षेत्रगत विनियोजन र बजेटको क्रियाकलापहरु प्रस्तुत गर्दछु।

आर्थिक विकास

- ✓ सुनापति भ्रमण वर्ष घोषणा र पर्यटन महोत्सव मार्फत सुनापतिलाई धार्मिक पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न बजेट विनियोजन गरेको छु ।
- ✓ कृषि तथा पशु सेवालाई प्रभावकारी बनाउनको लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।
- ✓ माटोको उर्वराशक्तिमा सुधार गरी उत्पादन वृद्धि गर्न पालिकामा नै माटो परीक्षण गरिनेछ। स्थानीय तथा रैथाने बिउबालीको खेति प्रवर्दन कार्यक्रमको लागि आवश्यक बजेटको विनियोजन गरेको छु।
- ✓ युवा वेरोजगार न्यूनिकरण गरी स्वरोजगार प्रवर्द्धन गर्न युवा लक्षित कार्यक्रमहरूको लागि आवश्यक बजेटको विनियोजन गरेको छु।
- ✓ दुध, मासु, अण्डामा आत्मनिर्भर बनाउन किसानहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु।
- ✓ गाई, भैंसी प्रवर्द्धन कार्यक्रम मार्फत व्यवसायिक गाई भैंसीपालनमा जोड दिई दुध उत्पादनमा वृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ व्यावसायिक सीप प्रदान गर्न थाङ्का, गलैंचा, ब्युटी पार्लर तथा ड्राईभिङ सीप विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ गाउँपालिका भित्र संचालनमा रहेका सहकारीहरुलाई सवलीकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ समृद्ध र सुखी सुनापति निर्माण गर्न कृषि, पशुपालन, उद्योग, पर्यटन, रोजगार र सहकारी क्षेत्रलाई आर्थिक विकासको संवाहकको रुपमा लिई आर्थिक क्षेत्रको विकासको लागि १ करोड ७९ लाख बजेट विनियोजन गरेको छु।

श्रद्धेय अध्यक्ष ज्यू,

आर्थिक विकास

- ✓ सुनापति भ्रमण वर्ष घोषणा र पर्यटन महोत्सव मार्फत सुनापतिलाई धार्मिक पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न बजेट विनियोजन गरेको छ ।
- ✓ कृषि तथा पशु सेवालाई प्रभावकारी बनाउनको लागि आवश्यक बजेटको विनियोजन गरेको छ ।
- ✓ माटोको उर्वराशक्तिमा सुधार गरी उत्पादन वृद्धि गर्न पालिकामा नै माटो परीक्षण गरिनेछ। स्थानीय तथा रैथाने बिउवालीको खेति प्रवर्दन कार्यक्रमको लागि आवश्यक बजेटको विनियोजन गरेको छु।
- ✓ युवा वेरोजगार न्यूनिकरण गरी स्वरोजगार प्रवर्द्धन गर्न युवा लक्षित कार्यक्रमहरूको लागि आवश्यक बजेटको विनियोजन गरेको छु।
- ✓ दुध, मासु, अण्डामा आत्मनिर्भर बनाउन किसानहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु।
- ✓ गाई, भैंसी प्रवर्द्धन कार्यक्रम मार्फत व्यवसायिक गाई भैंसीपालनमा जोड दिई दुध उत्पादनमा वृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ व्यावसायिक सीप प्रदान गर्न थाङ्गा, गलैंचा, ब्युटी पार्लर तथा ड्राईभिड सीप विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ गाउँपालिका भित्र संचालनमा रहेका सहकारीहरुलाई सवलीकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ समृद्ध र सुखी सुनापति निर्माण गर्न कृषि, पशुपालन, उद्योग, पर्यटन, रोजगार र सहकारी क्षेत्रलाई आर्थिक विकासको संवाहकको रुपमा लिई आर्थिक क्षेत्रको विकासको लागि १ करोड ७९ लाख बजेट विनियोजन गरेको छु।

श्रद्धेय अध्यक्ष ज्यू,

गाउँसभा सदस्यज्यूहरु,

अब म पूर्वाधार विकास तर्फको वजेट तथा कार्यक्रमको विनियोजन र क्रियाकलापहरू प्रस्तुत गर्दछु।

पूर्वाधार विकास तर्फ

✓ आन्तरिक तथा वाह्य पर्यटकको आकर्षणका लागि पर्यटन पूर्वाधारको विकासको लागि जोड दिइएको छ ।

✓ सुनापति गाउँपालिकाको दिगो, समावेशी र गुणस्तरीय पूर्वाधार विकासलाई प्राथमिकता दिने नीति अनुरूप सडक, खानेपानी तथा सिंचाई, शैक्षिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार लगायतका क्षेत्रहरूमा पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि बजेट विनियोजन गरेको छु।

✓ यस क्षेत्र अन्तर्गत ८ करोड ३० लाख विनियोजन गरेको छु।

श्रद्धेय अध्यक्ष ज्यू,

गाउँसभा सदस्यज्यूहरु,

अब म संस्थागत विकास र सुशासन तर्फको विनियोजन र क्रियाकलाप प्रस्तुत गर्दछु।

संस्थागत विकास र सुशासन तर्फः

✓ गाउँपालिकाको कार्यालयवाट प्रदान हुदै आएको सेवालाई जनताको घरदैलोमा पुर्याउने उदेश्यले वर्षमा २ पटक एकीकृत घुम्ती शिविर सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।

✓ वजारवाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न र उपभोक्ताहरुको संवैधानिक अधिकार प्रत्याभूति गर्न वजार अनुगमनको लागि वजेट विनियोजन गरेको छु।

✓ राजश्व सुधार गर्नको लागि राजश्व सुधार कार्ययोजना निर्माण मार्फत करको

गिता विष्ट
उपाध्यक्ष

दरलाई सेवाग्राहीको हित अनुकूल बनाउन करको दर तथा दायरा अध्ययन गरी राजश्व वृद्धि गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

- ✓ गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाहको प्रभावकारीता तथा जवाफदेहिता वृद्धि गर्न चौमासिक रूपमा सार्वजनिक सुनुवाई कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ गाउँपालिका भित्रका माध्यामिक विद्यालयहरूमा विद्युतीय हाजिर व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- ✓ कानुनको अज्ञानता क्षम्य हुदैन भन्ने कानुनी सिद्धान्तलाई मध्यनगर गर्दै सर्वसाधरणमा कानुन सम्वन्धी जानकारी गराउन कानुनी सचेतना कार्यक्रममा लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- ✓ शहिद, वेपत्ता परिवार तथा घाइतेहरूलाई सूचिकृत गरी विशेष अवसरमा सम्मानका लागि आवश्यक बजेट विनियोजन गरेको छु । यस क्षेत्र अन्तर्गत ४१ लाख ५० हजार विनियोजन गरेको छु ।

श्रद्धेय अध्यक्षज्यू,

गाउँसभा सदस्यज्यूहरु,

अव म वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फको क्रियाकलाप र विनियोजन प्रस्तुत गर्दछु।

वन, वातावरण तथा विपद् व्यवस्थापन:

- ✓ विपद् सूचक स्वयं सेवक परिचालन, वन व्यवस्थापन, वन डढेलो नियन्त्रण, विभिनन्न प्रकारका विपद् प्रभावितहरुलाई प्रदान गरिने आर्थिक सहायता, राहत प्याकेज र स्थानीय प्रकोप व्यवस्थापन कोष समेतलाई प्राथमिकतामा राखी बजेट व्यवस्था गरि वातावरण तथा विपद् व्यवस्थापन

गिता बिष्ट
उपाध्यक्ष

तर्फ रू. ६८ लाख विनियोजन गरेको छु। यसबाट गाउँपालिकाको विपद् व्यव्थापन अन्तरगतको विपद् पूर्व तयारी र विपद्बाट पीडित नागरिकलाई तुरुन्त राहत दिन सकिने व्यवस्था गरेको छु। वातावरण संरक्षण तथा विपद् जोखिमबाट सुरक्षित हुनको निम्ति गाउँपालिकाले पहल गरी निकायगत समन्वय गर्न आवश्यक व्यवस्था गरेको छु। विपद् जहिले पनि आउन सक्ने भएकोले त्यसको लागि सुनापतिको स्थानीय प्रकोप व्यवस्थापन कोषको व्यवस्था गरीआवश्यक बजेट व्यवस्था गरेको छु।

✓ यस गाउँपालिका अन्तर्गत वडा नं ३ को साउने केउरेनीको जोखिमयुक्त बस्ति स्थानान्तरणका लागि आवश्यक सहयोग समन्वय र पहल गर्ने व्यवस्था मिलाएको छु।

श्रद्धेय अध्यक्ष ज्यू,

गाउँसभा सदस्यज्यूहरु,

अब म सामाजिक विकास तर्फको क्षेत्रगत क्रियाकलाप र विनियोजन प्रस्तुत गर्दछु।

सामाजिक विकास तर्फः

✓ सुनापति गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम कार्यान्वयनको लागि बजेट व्यवस्थापन गरेको छु ।

✓ सुनापति गाउँपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विकास गर्न नतिजाका आधारमा उत्कृष्ट शिक्षक विद्यार्थी तथा विद्यालयलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरेको छु।

✓ SEEपश्चात CTEVTअन्तर्गत प्राविधिक विषय अध्ययन गर्ने प्रति वडा एक जना विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिनुका साथै MBBS

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मिता विष्ट
उपाध्यक्ष

अध्ययन गर्ने एक जना विद्यार्थीलाई सहुलियत छात्रवृत्तिको व्यवस्था गरेको छु।

- ✓ महिला हिंसा नियन्त्रण गरी लैंगिक विभेद न्यूनीकरणका लागि स्थानीय लैंगिक हिंसा निवारण कोषको व्यवस्था गरेको छु।
- ✓ किशोरी तथा महिलालाई महिनावारी स्वास्थ्य सम्वन्धमा सचेतना कार्यक्रम सञ्चालन निशुल्क सेनिटरी प्याड वितरणको बजेट व्यवस्था गरेको छु।
- ✓ पालिका स्तरीय सुनापति आधारभूत अस्पतालबाट गुणस्तरीय एवम् सर्वसुलभ उपचार सेवा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- ✓ मानसिक स्वास्थ्यलाई स्वस्थ राख्न योग ध्यान साधना जस्ता प्राकृतिक चिकित्सा प्रणाली अपनाउने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यस क्षेत्र अन्तर्गत ३ करोड ४४ लाख १५ हजार बजेट विनियोजन गरेको छु।
- ✓ पालिकाको खानेपानी, सरसफाई र बजार व्यवस्थापनको लागि दिगो स्रोतको व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु। गाउँ छोडी सहर केन्द्रित हुने नागरिकलाई गाउँसमाजमा नै बसी आफ्नो बाँझो जमिन उपयोग गरी उत्पादनमा लगानी गर्ने व्यवस्था मिलाएको छु।

श्रद्धेय अध्यक्षज्यू,

गाउँसभा सदस्यज्यूहरु,

अब म माथिका क्षेत्रगत क्रियाकलाप र कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको विवरण प्रस्तुत गर्दछु।

- ✓ आगामी आर्थिक वर्षका लागि कुल खर्च रु. ५४ करोड ७० लाख ३

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गिता थिङ
उपाध्यक्ष

हजार विनियोजन गरेको छ। कुल विनियोजन मध्ये चालुतर्फको ३८ करोड ६६ लाख ४१ हजार अर्थात् ७०.६८ प्रतिशत र पुँजीगत तर्फ रु. १५ करोड ५८ लाख १० हजार अर्थात् २८.९७ प्रतिशत हुने अनुमान रहेकोछ।

- ✓ आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारबाट वित्तीय समानिकरण रू १० करोड ५६ लाख, संघीय सशर्त तर्फ रू २२ करोड १४ लाख, विशेष अनुदान रू.९० लाख समपुरक कोष रू. ६० लाख र राजश्व बाँडफाँड तर्फ रू. ७ करोड ३८ लाख १० हजारको सीमा प्राप्त भएको छ । प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु. ९८ लाख ५२ हजार, प्रदेश सशर्त अनुदानबाट रु. १ करोड ५३ लाख ४ हजार, विशेष अनुदानबाट रु.७० लाख, समपूरक अनुदानबाट रु. २ करोड ७५ लाख १० हजार र राजश्व बाँडफाँड तर्फ रू ३ करोड ५ लाख २७ हजारको सीमा प्राप्त भएको छ।
- ✓ आगामी आ.व.मा गाउँपालिकाको आन्तरीक राजश्व तर्फ रू. ६० लाखको अनुमान गरिएको छ भने बैंक मौज्दात तर्फ रू ३ करोड ५० लाख हुने प्रारम्भिक अनुमान छ ।यसरी गाउँपालिकाको आन्तरीक आय कुल रू ४ करोड १० लाखको सीमा हुने अनुमान गरिएको छ ।

**श्रद्धेय अध्यक्ष ज्यू, गाउँसभा सदस्यूज्यूहरु,**

- ✓ पालिकाको सक्षमताको लागि राजस्व प्रणालीमा सुधार गर्दै दायरा फराकिलो बनाउँदै लैजानु पर्नेछ। बढ्दो सार्वजनिक खर्चको स्रोत व्यवस्थापनमा गाउँपालिकाले समयमै दिर्घकालीन र प्रभावकारी योजना बनाई कर प्रणालीमा सुधार गरी राजस्व संकलनको दायरा वृद्धि गर्नु

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गिता विष्ट
उपाध्यक्ष

दुलोकान्छा तामाङ

पर्नेछ। यसका लागि राजस्व प्रशासनको दक्षता अभिवृद्धको साथै दिगो जनशक्तिको समेत व्यवस्था गर्नु पर्दछ।

- ✓ यस बजेटको कर्यान्वयनबाट गाउँपालिकाको आर्थिक गतिविधिमा अभिवृद्धि हुनुको साथै गाउँपालिकाले लिएको सोच तथा लक्ष्य हासिल गर्ने अपेक्षा लिएको छु। यस बजेटको कार्यान्वयनबाट उद्यमशीलताको विकास गरी रोजगारीको सृजनाको साथै आर्थिक अनुशासन कायम गर्ने अपेक्षा गरेको छु। बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेमा सुनापतिको विकासमा तिव्रता आउनुको साथै सामाजिक न्याय स्थापनामा समेत योगदान गर्ने कुरामा विश्वस्त छु।
- ✓ बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, आर्थिक प्रशासन शाखा लगायत सबै विषयगत शाखा प्रमुखहरु, विषयगत समितिका संयोजक तथा वडा अध्यक्षज्यूहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। बजेटका सम्बन्धमा अमूल्य सल्लाह सुझाव प्रदान गर्नु हुने आम सुनापति नागरिक समुदाय, राजनीतिक दलका स्थानीय र उच्च नेतागण, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, विकास साझेदार संघ संस्था, विभिन्न क्षेत्रका विज्ञ, सञ्चार जगत, सबै राष्ट्रसेवक कर्मचारी र नागरिक समाज लगायत सुझाव दिनु हुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत बजेटको कार्यान्वयनको लागि सम्बन्धित सबैले रचनात्मक सहयोग गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु।

धन्यवाद।